बेनी नगरपालिका, म्याग्दी
नगर कार्यपालिकाको बैठक
२०८०।०९।२२

**निर्णयहरू**

१. बेनी नगरपालिका, नगर कार्यपालिकाको विगतका बैठकहरूले गरेका निर्णयहरूको समीक्षा गरियो । नगर कार्यपालिकाको कार्यालयले गत मंसीर महीनामा गरेका सबै भुक्तानीहरूलाई अनुमोदन तथा स्वीकृत गर्ने ।

२. बेनी नगर सभाको चौधौं अधिवेशन मिति २०८०।०९।२६ गते बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा विहान ११.०० बजे बस्नेगरि आह्वान गर्ने ।

३. नेपाल सरकार, राष्ट्रिय योजना आयोगले माग गरेको आर्थिक वर्ष ०८१।८२ का लागि देहायबमोजिमका आयोजनाहरू छनौट गरी आयोगले तय गरेको विद्युतीय माध्यममा अपलोड गर्ने ।

**देहाय**

**आयोजनाहरूको विवरण**

| क.सं. | आयोजनाको नाम | ठेगाना | अनुमानित बजेट (रू) | अनुदानको प्रकार |
|---|---|---|---|---|
| १ | नगरको फोहोर व्यवस्थापनको लागि अत्याधुनिक सरसफाईकेन्द्र निर्माण | बेनी नगरपालिका | १० करोड | विशेष अनुदान |
| २ | बेनी पुलाचौर टोड्के सडक | बेनी नगरपालिका | ४ करोड | समपूरक अनुदान |
| ३ | कृषि बजारीकरण परियोजना (क्रमागत) | बेनी वडा नं. ७ | २ करोड | विशेष अनुदान |

४. गण्डकी प्रदेश सरकारले माग गरेको आर्थिक वर्ष ०८१।८२ का लागि देहायबमोजिमका आयोजनाहरू छनौट गरी पठाउने ।

**देहाय**

**आयोजनाहरूको विवरण**

| क.सं. | आयोजनाको नाम | ठेगाना | अनुमानित बजेट (रू) | अनुदानको प्रकार |
|---|---|---|---|---|
| १ | बेनी लम्लिहिल भकुण्डे सडक (नयाँ) | बेनी नगरपालिका | ३ करोड | समपूरक |
| २ | बेनी महारानीथान छापा सडक (क्रमागत) | बेनी नगरपालिका | २ करोड | समपूरक |

सुरत के.
नगर प्रमु...

| | | | | |
|---|---|---|---|---|
| ३ | बेनी सारेमारे बागलुङ सडक | बेनी नगरपालिका | १ करोड | समपूरक |

५. नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार तथा तिनका निकायहरूसँग बेनी नगरपालिकाको बृहत्तर हित तथा पर्यटन विकास र आन्तरिक आय अभिवृद्धिमा उल्लेख्य बढोत्तरी हुने देहायको योजना माग गरी पठाउने ।

देहाय

आयोजनाको विवरण

आयोजनाको नामः म्याग्दी नदीमा बेडबार निर्माण गर्ने

आयोजनाको प्रकृतिः म्याग्दी नदीमा बेडबार निर्माण गरी पर्यटकीय क्षेत्र बनाउने र सो बेडबारको मद्दतले वर्षायामको बालुवा संकलन गरी आर्थिक उपार्जन गर्ने ।

स्थानः बेनी नगरपालिका, वडा नं. ४ (अग्नीखेत जोगीगाडे)

अनुमानित लागतः रूपैया १५ करोड

६. आर्थिक वर्ष २०८१।८२ मा नेपाल सरकार, सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेट रकम रू.७० लाख र नगरपालिकाको साझेदारी रकम रू. ३० लाख गरी कूल अनुमानित बजेट रू. १ करोडले कार्यान्वयन हुने गरी देहायको सडक मर्मत सम्भार कार्य गर्ने ।

सडकको नामः संगमचोक हुलाकचोक हुँदै बेनी पूलाचौर सडक मर्मत आयोजना

ठेगानाः बेनी नगरपालिका

७. चालू आर्थिक वर्षमा कार्यान्वयन भईरहेका देहायका आयोजनाहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेकाले ती आयोजनाहरुको निर्माण अवधी यही माघ महिनाको मसान्तसम्म थप गर्ने ।

आयोजनाको नामः १) गाजने, नयाँगाउँ, ढोलठान, पुलाडाँडा खानेपानी आयोजना
२) खबरा खानेपानी आयोजना

८. बेनी नगरपालिका अन्तर्गत रहेको जामुनखर्क माध्यमिक विद्यालयको नमूना विद्यालय व्यवस्थापकीय सुधार कार्यक्रमको प्रस्तावना स्वीकृत गर्ने ।

९. बेनी नगरपालिका वडा नं.७ मा अवस्थित ब्रह्माकुमारी इश्वरीय विश्वविद्यालयबाट माग भई आएबमोजिम सो संस्थाको लागि नगरपालिकालाई बुझाउनुपर्ने सम्पत्ति कर मिनाहा गर्नको लागि सिफारिससहित नगर सभामा प्रस्ताव लैजाने ।

१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तय गरेका सूचकहरूको आधारमा हुने वार्षिक मूल्यांकन प्रणाली स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्न (Local Government Institutional Capacity Self-Assessment-LISA) मा कार्यालयले प्राप्त गरेका सूचकहरूको प्रमाणिकरण गरी विद्युतीय प्रणालीमा अपलोड गरी पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिको कार्यालय,

स्याग्दी पठाउने र सो कार्यालयबाट पृष्ठपोषण प्राप्त भएपश्चात अन्तिम नतिजालाई मन्त्रालयको पोर्टलमा प्रकाशन (Publish) गर्ने ।

११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तय गरेका सूचकहरूको आधारमा हुने वार्षिक स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (Fiduciary Risk Assessment- FRA) प्रणालीमा कार्यालयले प्राप्त गरेका सूचकहरूको प्रमाणिकरण गरी विद्यूतीय प्रणालीमा अपलोड गरी पृष्ठपोषण तथा प्रकाशनको लागि जिल्ला समन्वय समितिको कार्यालय, स्याग्दी पठाउने ।

१२. बेनी नगरपालिकामा स्थापना भई सञ्चालन गर्न चाहेका देहायका स्वास्थ्य संस्थाहरूको नियमानुसार अनुगमन गरी स्वीकृति गर्ने नगर्ने सम्बन्धमा प्रकृया अघि बढाउने ।

स्वास्थ्य संस्थाहरूको नाम

a. पाण्डे क्लिनिक, बेनी नगरपालिका वडा नं. ७
b. कोर स्माइल डेण्टल, बेनी नगरपालिका वडा नं. ८
c. डिलक्स डेण्टल, बेनी नगरपालिका वडा नं. ८
d. मनकामना आँखा उपचार केन्द्र, बेनी नगरपालिका वडा नं. ८

१३. बेनी नगरपालिकाभित्र रहेका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरूः गलेश्वरधाम, महारानीथान, पौलश्य, रावणपार्क, जगन्नाथ मन्दिर, तातोपानी, कालीगण्डकी नदीसमेतका धार्मिक तथा सांस्कृतिक धरोहरहरूको एकीकृत पर्यटन विकास गुरूयोजना निर्माण गरी पर्यटन प्रवर्द्धन आयोजना सञ्चालन गर्नको लागि नेपाल सरकार, पर्यटन बोर्डमा लेखी पठाउने ।

१४. बेनी नगरपालिकामा रहेको अलौकिक धार्मिक क्षेत्र पवित्र गलेश्वरधामको स्वच्छता तथा पवित्रता कायम गर्दै धामको वरिपरि ढुङ्गा विच्छाइ पैदल मार्ग निर्माण गर्ने र मन्दिर परिसरमा ध्वनी प्रदुषण नियन्त्रण गर्न सवारी साधनहरूको आवागमनमा रोक लगाई पर्यटकहरूलाई आकर्षक पैदल मार्ग निर्माण गर्ने आयोजना सञ्चालन गर्न लागि नेपाल सरकार, पर्यटन बोर्डमा लेखी पठाउने ।

१५. विद्यमान कालीगण्डकी नदीको किनारामा व्यवस्थापन हुँदै आएको नगरको फोहोरलाई छुट्टै सरसफाईकेन्द्र निर्माण गरी पवीत्र कालीगण्डकीको स्वच्छता कायम गर्नको लागि आवश्यक भौतिक निर्माण कार्य अघि बढाउनको लागि संयुक्त राष्ट्रसंघीय विकास परियोजना (United Nations Development Project- UNDP) को नेपाल शाखालाई लेखी पठाउने ।

१६. बेनी नगरपालिकाका निर्वाचित जनप्रतिनिधि तथा कार्यालयमा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्नको लागि तालीम सञ्चालन गर्ने र सो कार्यका लागि कार्यालयले आवश्यक बजेट व्यवस्था मिलाउने ।

१७. बेनी नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधिको आपूर्ति गर्नको लागि औषधी खरिद प्रकृया अघि बढाउने ।

१८. नेपाल सरकार कृषि तथा पशुपालन विकास मन्त्रालय सिंहदरबारलाई देहायका विद्यालयहरूमा विद्यालय फलफूल कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट व्यवस्थाका लागि लेखी पठाउने ।

१९. विद्यालयहरूको विवरण

a. श्री जामुनखर्क नमूना माध्यमिक विद्यालय, बेनी ।

b. श्री जयन्ती माध्यमिक विद्यालय, बेनी ।

२०. म्याग्दी जिल्ला नवौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा यस नगरपालिकाबाट सहभागी विद्यार्थीहरूमध्ये विजेता समूहका विद्यार्थीहरूलाई स्वर्ण पदक प्राप्त गर्नेलाई रू १५००/-, रजत पदक प्राप्त गर्नेलाई रू. १०००/- र कास्य पदक प्राप्त गर्नेलाई रू. ५००/- जनहीका दरले नगरपालिकाको तर्फबाट पुरस्कार प्रदान गर्ने ।

-0-

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल

सुरत के.सी.
नगर प्रमुख